annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १४९, पृष्ठ ८ | काठमाडौं, शनिबार १० असोज २०८३ | भाद्र शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४६ | SATURDAY, SEPTEMBER 26, 2026 | मूल्य : रु. १०

सधैं जोखिममा राजधानी जोड्ने सडक

वर्षाका कारण पहिरो र बाढीले राजमार्गहरू अवरुद्ध हुँदा मुलुकको राजधानी काठमाडौंसँगको मुख्य सडक सम्पर्क टुटेको छ। कमजोर पूर्वाधार, जोखिमको अपर्याप्त अध्ययन र भरपर्दो वैकल्पिक सडकको अभावका कारण दुइटा मार्ग बन्द हुँदा ४० लाखको बसोवास रहेको पूरै राजधानीको आपूर्ति प्रणाली नै प्रभावित हुने नियति दोहोरिएको छ।

भवनाथ प्याकुरेल | *काठमाडौं*
शिवप्रसाद ढुंगाना | *काठमाडौं*
विकास रौनियार | *धादिङ*

पहिरोले क्षतिग्रस्त पृथ्वी राजमार्गअन्तर्गत कृष्णभीर।

समाचार पृष्ठ २

प्रधानमन्त्रीको प्रश्न-

हामीले जलवायु संकटको मूल्य कतिसम्म चुकाउने ?

सुरज भण्डारी | *अमेरिका*

प्रधानमन्त्री वालेन्द्र शाहले विश्वव्यापी जलवायु संकट, 'हिमालयन सुनामी'को क्षति, अनुदानमा आधारित क्षतिपूर्ति र विश्व व्यवस्थाका त्रुटिहरूमाथि सशक्त आवाज उठाएका छन्।

शुक्रबार न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा संयुक्त राष्ट्रसंघको ८१औं महासभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले आफूले सिर्जना नै नगरेको जलवायु संकटको ठूलो मूल्य नेपालजस्ता साना र गरिब राष्ट्रहरूले चुकाउनु परेको भन्दै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराए। 'विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान ०.१ प्रतिशतभन्दा कम छ। यो संकट हामीले सिर्जना गरेका होइनौं,' प्रधानमन्त्रीले भने, 'तर, यसको ठूलो मूल्य हामीले चुकाइरहेका छौं।'

सम्बोधनको पूर्णपाठ पृष्ठ ६ मा

प्रधानमन्त्री शाहले चार हप्ताअघि नेपालका हिमाली समुदायमा आएको विनाशकारी बाढीलाई 'हिमालयन सुनामी'को उपमा दिए। भोटेकोशी र त्रिशूली नदीमा आएको विपद् केवल स्थानीय त्रासदी नभएर सम्पूर्ण विश्वका लागि एउटा गम्भीर चेतावनी भएको उनले बताए।

बाढीबाट कम्तीमा १४ सय जनाको मृत्यु पुष्टि भइसकेको र ६ हजारभन्दा बढी मानिस अझै बेपत्ता रहेको विवरण पेस गर्दै उनले भने, 'आज यहाँ विकास, लोकतन्त्र, शान्ति र राष्ट्रको आशाबारे मात्र बोल्न पाएको भए म खुसी हुने थिएँ। तर त्यसको सट्टा म मृत्यु र अकल्पनीय विनाशबारे बोल्दै छु।' प्रारम्भिक आकलनअनुसार भौतिक पुनर्निर्माणका लागि नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को १० प्रतिशत रकम आवश्यक पर्ने उनले जानकारी दिए।

» बाँकी पृष्ठ ७

टिप्पणी

प्रधानमन्त्रीले दिएका ५ सन्देश

कमलदेव भट्टराई

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले नेपाल र समग्र हिन्दुकुश हिमालय क्षेत्रले सामना गरिरहेको जलवायु संकटको कारुणिक यथार्थ प्रस्तुत गर्दै एक मार्मिक सम्बोधन गरेका छन्।

भोटेकोशीको विनाशकारी बाढी र पहिरोपछि प्रधानमन्त्री शाहले यस संकटलाई कुनै स्थानीय समस्या मात्र नभई सम्पूर्ण मानव जातिका लागि एउटा गम्भीर चेतावनीका रूपमा चित्रण गरे। यसको उद्देश्य जलवायु न्यायको विषयलाई अन्तर्राष्ट्रियकरण गर्नु थियो। परम्परागत शैलीभन्दा पृथक् ढंगले उनले अन्तर्राष्ट्रिय समुदायलाई फोस्रा प्रतिबद्धताहरू छाडेर तत्काल र ठोस कदम चाल्न आग्रह गरे। सम्बोधनको सुरुआतमै उनले भोटेकोशीको बाढी प्रसंग उठाए भने अन्य अन्तर्राष्ट्रिय मुद्दामा धेरै बोलेनन्। उनले महासभामा जलवायु परिवर्तनका विषयमा व्यक्त गरेका धारणालाई पाँच बुँदामा प्रस्तुत गरिएको छ-

पहिलो, प्रधानमन्त्री शाहले जलवायुसम्बन्धी गम्भीर चेतावनीहरूलाई लगातार उपेक्षा गरिएको भन्दै विश्व नेताहरूसामु प्रश्न उठाए। करिब तीन वर्षअघि सगरमाथा क्षेत्रबाट संयुक्त राष्ट्रसंघका महासचिवले दिएको चेतावनीको स्मरण गराउँदै उनले वैज्ञानिकहरू र संकटग्रस्त समुदायहरूले उक्त खतरालाई बुझे पनि विश्व नेताहरूले त्यसलाई आवश्यक गति र परिमाणमा व्यवहारमा ढाल्न नसकेको गुनासो गरे।

» बाँकी पृष्ठ ६

टेन्टभित्र पानी छिर्दा बाढीपीडितको बिजोग

देवचन्द्र भट्ट | *नुवाकोट*

भोटेकोशीको बाढीले घर बगाएपछि नुवाकोटका विभिन्न स्थानमा अस्थायी रूपमा बस्दै आएका बाढीपीडितहरू अविरल वर्षाका कारण भन्ने बिचल्लीमा परेका छन्। निरन्तरको झरीले टेन्टभित्रै पानी पसेपछि प्रभावितहरूले आफूहरूलाई सुरक्षित स्थानमा लैजान सरकारसँग माग गरेका छन्।

लगातार पानी पर्न थालेपछि टेन्टभित्रै पानी पस्न थालेको छ भने चिसो पनि उत्तिकै बढेको छ। यसले गर्दा बिरामी परिने हो कि भन्ने चिन्ता बाढीपीडितहरूमा थपिएको छ।

बाढीपीडित आशाबहादुर तामाङ आफ्नो पीडा पोख्दै भन्छन्, 'लगातार पानी पर्न थालेपछि टेन्टभित्रै पानी पस्न थाल्यो। चिसो पनि बढ्न थालेको छ, बिरामी भइने हो कि भन्ने चिन्ता पो बढ्न थालेको छ।'

टेन्टभित्र बसोबास गरिरहेका अमृत तामाङ र पारस तामाङको समस्या पनि उस्तै छ। उनीहरू भन्छन्, 'टेन्टभन्दा त अस्थायी रूपमा जस्ताको टहरो मात्र भइदिएको भए पनि पानी त पस्दैनथ्यो कि!' अर्की बाढीपीडित बुद्धिमाया तामाङ सरकारसँग माग गर्दै भन्छिन्, 'सरकारले छिट्टै पुनर्वासको व्यवस्था गरिदिए हुनेथियो।'

त्यस्तै, बाणाको चौतारास्थित अस्थायी क्याम्पमा बसोबास गरिरहेकी बुटी तामाङ भन्छिन्, 'समूहगत रूपमा धेरै जना बसोबास गर्नु परेको भए पनि बरु आश्रित केन्द्रमा पानी त चुहिएको थिएन। टेन्टमा चिसो लाग्ने समस्या बढ्न थालेकाले सरकारले छिट्टै पुनर्वासका लागि पहल गरिदिए हुन्थ्यो।'

रसुवाको उत्तरगया गाउँपालिकाका विभिन्न स्थानबाट विस्थापित भई नुवाकोटको विदुर नगरपालिका-५ स्थित बाणाचौतारो, पीपलटार, लामीबगैंचालगायत ६ वटा अस्थायी क्याम्पमा बसोवास गरिरहेका बाढी प्रभावितको दैनिकी झरीका कारण थप कष्टकर बनेको छ।

यी क्याम्पहरूमा रसुवाको उत्तरगयाका साथै नुवाकोटको देवीघाटका गरी चार सय घरपरिवारका करिब १२ सय जना बसोवास गर्दै आएका छन्।

» बाँकी पृष्ठ ६

विज्ञहरू भन्छन्- 'शक्तिशाली सम्बोधन'

नितु घले | *काठमाडौं*

संयुक्त राष्ट्रसंघको ८१औं महासभामा प्रधानमन्त्री बालेन्द्र शाहले जलवायु परिवर्तनको गम्भीर र भयानक असरबारे दिएको वक्तव्यलाई विज्ञहरूले 'शक्तिशाली' भनेका छन्।

भोटेकोशी बाढीको सेरोफेरोमा केन्द्रित रही शाहले प्रस्तुत गरेको अर्थपूर्ण र सन्तुलित सम्बोधनले विश्व समुदायको ध्यान नेपालतर्फ खिचेको विज्ञहरूले बताएका छन्। महासभामा व्यक्त प्रत्येक वाक्यले गहिरो अर्थ बोकेको र यसले जलवायु न्यायको विषयलाई सशक्त रूपमा अन्तर्राष्ट्रियकरण गरेको विश्लेषण गरिएको छ।

पूर्वकूटनीतिज्ञ मधुरमण आचार्यले प्रधानमन्त्रीको भाषणलाई 'शक्तिशाली र अत्यन्त सान्दर्भिक' भन्दै टिप्पणी गरेका छन्। सम्बोधनका क्रममा शाहले व्यक्त गरेको, 'जब हामीले विगतलाई बारम्बार पुनर्निर्माणमात्र गरिरहनुपर्छ, तब हामी आफ्नो भविष्य बनाउन सक्दैनौं' भन्ने भनाइप्रति आचार्यले पूर्ण सहमति जनाएका छन्।

महासभामा सहभागी अल्पविकसित मुलुक (एलडीसी) सहायता टोलीका प्रमुख सल्लाहकार मञ्जित ढकालका अनुसार, न्युयोर्कमा प्रधानमन्त्रीको सम्बोधनपछि निकै सकारात्मक

जलवायु न्यायका लागि अन्नपूर्ण

प्रतिक्रिया र प्रशंसा प्राप्त भएको छ। ढकालले भने, 'अन्तर्राष्ट्रिय समुदायले प्रधानमन्त्रीले राख्नुभएको विषयलाई सकारात्मक रूपमा लिएका छन्। उहाँको सम्बोधनपछि नेपालप्रति सबैले चासो देखाएका छन्। प्रधानमन्त्रीज्यूले कसैलाई दोष नथुपारी अत्यन्तै सन्तुलित रूपमा आफ्ना कुरा राख्नु भएको छ।' यद्यपि, उठाइएका मुद्दाहरूको कार्यान्वयन आगामी दिनमा हुने द्विपक्षीय तथा बहुपक्षीय वार्ताहरूमा भर पर्ने भएकाले नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु न्यायको मुद्दालाई निरन्तर उठाउनुपर्ने ढकालको भनाइ छ।

जलवायु तथा जलाधारविज्ञ मधुकर उपाध्यायले पनि शाहको भाषण अत्यन्तै सन्तुलित र शिष्ट रहेको बताए। उपाध्याय भन्छन्, 'उहाँको हाउभाउ र प्रस्तुति ज्यादै सन्तुलित थियो। साना तथा टापु राष्ट्रहरूका मुद्दा उठाउनु प्रशंसनीय छ। किसानले किन मल र बिउ पाइरहेका छैनन् भन्दै विश्वको वर्तमान अवस्था र आपूर्ति प्रणालीको गडबडीलाई उहाँले जोड्नुभयो। सहयोग प्राप्त हुनु वा नहुनु अलग्गै राजनीति हो, तर विश्व समुदायसमक्ष नेपालले यसरी आवाज उठाउनु अनिवार्य छ।'

अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा राम्रो कभरेज

प्रधानमन्त्री शाहको सम्बोधनलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले पनि प्रमुखताका साथ स्थान दिएका छन्। भारतीय समाचार एजेन्सी प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) ले 'जब घटना घट्छ, तुरुन्त प्रतिकार्य हुनुपर्छ' भन्ने शाहको भनाइ उद्धृत गर्दै बाढीपछिको हानि-नोक्सानी कोषबाट क्षतिपूर्ति पाउन झन्झटिलो प्रक्रिया व्यहोर्नु परेको विषयलाई प्राथमिकताका साथ छापेको छ। त्यस्तै हिन्दुस्तान टाइम्सले नेपाल, भारत र चीनबीच हिमाली सूचना, भू-उपग्रह डेटा र वैज्ञानिक तथ्य आदानप्रदान गर्न तीनदेशीय सहकार्यको प्रस्तावलाई उच्च महत्त्व दिएको छ।

» बाँकी पृष्ठ ६